

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २० गते बुधबार ❑ 6 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## भ्रष्टाचार न्यूनीकरणमा सरकारलाई कांग्रेसको पूर्ण समर्थन छ–महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
कांग्रेस, १९ भदौं

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सरकारले थालेको भ्रष्टाचार न्यूनीकरणको अभियानमा कांग्रेसको पूर्णरूपमा समर्थन रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस बागलुङ क्षेत्र नम्बर १ ले आयोजना गरेको क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सरकारले कांग्रेस वा अन्य जुनसुकै पार्टीका नेता तथा कार्यकर्ता भ्रष्टाचारमा मुछिए जोगाउनतर्फ नलाग्ने बताउनुभयो ।

"कांग्रेस भ्रष्टचारमा मुछिएका कसैलाई पनि संरक्षण गर्ने पक्षमा छैन, हामी भ्रष्टाचाररहित राष्ट्र चाहन्छौं, अहिले सरकारले थालेको भ्रष्टाचार न्यूनीकरण अभियानमा कांग्रेसको पूर्ण समर्थन छ", महामन्त्री थापाले भन्नुभयो, "जनप्रतिनिधिले राम्रोसँग काम गर्नुस्, पार्टी आफैँ मजबुत बन्दै जान्छ, तपाईंहरूले काम गर्नुभएन भने समस्या हुने हो ।" महामन्त्री थापाले अहिले तीन वटै सरकारमा कांग्रेसको प्रतिनिधित्व रहेको हुँदा जनगुनासो आउने काम



गर्न नहुने बताउनुभयो । जनताले जनप्रतिनिधिबाट धेरै अपेक्षा गरेको हुँदा नागरिकको न्यूनतम आवश्यकतालाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले जनप्रतिनिधिले जनताको मर्मअनुसार काम नगरे पार्टी र व्यक्ति दुवै सकिने बाटोमा जाने बताउनुभयो । तीनै तहको सरकारले काम गर्ने हो भने पाँच वर्षको अवधिमा मुलुकमा ठूलो परिवर्तन आउने उहाँले बताउनुभयो । आगामी निर्वाचनका लागि भर्खरै आत्तिनुपर्ने अवस्था नभएको महामन्त्री थापाको भनाइ छ । स्थानीयस्तरबाटै पार्टी सङ्गठन मजबुत बनाउन लाग्ने र कार्यकर्तालाई प्रशिक्षित गर्नुपर्नेमा थापाको जोड छ । यसैगरी पर्वत सदरमुकाम कुश्मा बजारमा मङ्गलबार दिउँसो कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले पार्टीभित्रको गुटबन्दी अन्त्य गर्दै रूपान्तरण अभियानमा जुट्न आह्वान गर्नुभयो । महामन्त्री थापाले पार्टीको आउँदो महाधिवेशनले उम्मेदवार छनोटको प्रक्रिया बदल्ने र त्यसपछि गुटबन्दी अन्त्य भएर जाने विश्वाससमेत व्यक्त गर्नुभयो । स्थानीय तहदेखि संसदीय निर्वाचनमा उम्मेदवार बन्ने/बनाउने प्रणाली परिवर्तन गरेपछि मात्रै गुटबन्दी अन्त्य भएर जाने उहाँको भनाइ छ । उहाँले महाधिवेशनको वर्ष क्रियाशील सदस्यता बाँड्ने गरिएको भन्दै त्यसको अन्त्य हुनुपर्ने बताउनुभयो । यो पटक आउँदो २०८२ मङ्सिर-पुसतिर पार्टी अधिवेशन हुन्छ, कसैले सार्न सक्दैन', उहाँले भन्नुभयो, "अब २०८२ वैशाखपछि कसैले क्रियाशील सदस्यता बाँड्न पाउँदैन ।" यही भदौ १५ गतेसम्म विभाग भ्रातृ सङ्गठनलाई पूर्णता दिने भनिए पनि पूरा नभएको भन्दै भदौ मसान्तसम्म काम सक्न सभापतिलाई दबाब दिइएको बताउनुभयो । उहाँले पार्टी पुरानो पाराले चल्न नसक्ने भन्दै विधि र थितिअनुरूप चलाउन जिल्ला तहबाटै नेतृत्वलाई दबाब दिनुपर्नेसमेत बताउनुभयो । उहाँले आगामी निर्वाचनमा पार्टीलाई एक्लै भिड्न सक्ने बनाउन खोजिएकोसमेत उल्लेख गर्नुभयो ।

महामन्त्री थापाले आफूहरूले कांग्रेसलाई विधानसम्मत उभ्याउने प्रयास गरिरहेको बताउनुभयो । "लामो समयदेखि कांग्रेस विधानसम्मत हिँड्ने कुरामा अल्मलिएको थियो", उहाँले भन्नुभयो, "हामीले विस्तारै सुधार ल्याइरहेका छौँ । यो प्रयासमा तपाईंहरूको पनि साथ चाहिन्छ ।"

## व्यवस्थित बनाइँदै पोखरा बसपार्क, मोटर पार्टस् र ग्यारेज हटाइए

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं

पोखराको पृथ्वीचोकमा करिब पाँच दशकअघि व्यवस्थित बसपार्कका लागि छुट्याइएको जमिन अतिक्रमणमा परेपछि महानगरपालिकाले यसलाई व्यवस्थित गर्न सुरुआत गरेको छ । बसपार्क अगाडिको सडकमा हुँदै आएको पार्किङ निषेध गरेर गत महिनादेखि बसपार्कभित्रबाटै बस छुट्ने व्यवस्था सुरु गरेको महानगरले अहिले बसपार्किभित्रका अव्यवस्थित मोटर पार्टस् र ग्यारेज बन्द गराएको हो ।

मोटर पार्ट्स र ग्यारेजलाई यसअघि नै स्थानान्तरणका लागि समय दिइएको थियो । हाल बसपार्क व्यवस्थापनको काम तीव्रगतिमा भइरहेकाले बसपार्ककै जग्गामा सञ्चालित ती मोटर पार्टस् र ग्यारेज बन्द गरिएको महानगरको यातायात व्यवस्थापन समितिका संयोजक एवं वडा नं १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले बताउनुभयो । पर्यटकीय सहर पोखरामा विसं २०३२ मा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## महङ्गि र आत्यमहत्या न्यूनीकरणमा सरकार गम्भीर भएन- सांसद बिद्या भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं

कास्की क्षेत्र न २ बाट निर्बाचित प्रतिनिधि सभा सदस्य बिद्या भट्टराईले महँङ्गि र आत्यमहत्या न्यूनीकरणमा सरकार गम्भीर नभएको बताउनु भएको छ ।

महङ्गिले नेपाली समाज ग्रसित छ । दैनिक उपभोग्य बस्तुको अस्वभाविक मुल्य वृद्धिले जनता छट्पटाएको अबस्थामा तिनै तहका सरकार मुल्यवृद्धि नियन्त्रण र नियमनमा मुकदर्षक बनेको आरोप भट्टराईले लगाउनु भएको छ । भट्टराईले सो कुरा मंगलबारको प्रतिनिधि सभा बैठकको बिशेष समयमा बोल्दै बताउनु भएको हो ।

नेपालमा पछिल्लो समय खाध्यान्नमा भएको अत्याधिक मुल्यबृद्दी, समग्र महङ्गी, लैङ्गिक हिंसा र कोभिड १९ पछि आत्महत्याका घटनाहरुमा अस्वभाविक वृद्धि भएकोले यस्ता संवेदनशिल बिषयमा नेपाल सरकार अत्यन्तै गम्भीर हुन जरुरी रहेकोले सम्मानित संसद मार्फत



सरकार र सरकारका निकायहरुको ध्यानाकर्षण गराउछु उल्लेख गर्नु भएको छ । भट्टराईले महँङ्गिकै कारण नेपालमा महिला र घरेलु हिम्सा बढेको बताउनु भयो । उहाँले २०७८- ७९ को तथ्यांकअनुसार बलात्कार बिरुद्धका उजुरी मात्रै २५३२ रहेकोमा २०८० को जेठ र असारमा मात्रै समग्र तथ्याङ्कको ५२% घरेलु हिंसाका घटना तथ्यांकले देखाएको उल्लेख गर्नुभयो ।

उक्त अबधिमा ७४ वटा बलात्कारका घटना भएको, १० वटा बलात्कारको प्रयास भएको,३६ वटा सामाजिक हिंसा, १९ वटा हत्या र ३ वटा हत्याको प्रयासका घटना भएको जानकारी दिनुभयो । यति धेरै हिंसा र हत्याका घटना बढी रहदा समेत भएका नियम कानुनहरूको प्रभाबकारी कार्यान्वयनमा सरकार असफल भएको भट्टराईले उल्लेख गर्नुभयो । लैङ्गिक र घरेलु हिंसाका कारण आत्महत्याका घटना बढेको तर्फ सरकारको ध्यानाकर्षण गराउदै भट्टराईले अघिल्लो संसदको महिला तथा सामाजिक समितीले हिंसाजन्य घटना न्यूनीकरणका लागी बिद्यालय तहको पठन पाठनमा अध्ययन अध्यापनको बिषय समाबेश गर्न दिएको निर्देशनको स्मरण गराउनुभयो ।

आत्महत्या न्यूनीकरणका लागि बिद्यालय तहदेखि नै मानसिक स्वास्थको बिषय समाबेश गर्न उक्त समितिले निर्देशन दिए पनि सो कार्यान्वयनमा सरकारले चासो नदेखाएको उल्लेख गर्नुभयो । हिंसा पीडितहरूका लागि सुरक्षित पुनर्स्थापना केन्द्र स्थापना गर्न र स्थानिय तहदेखी नै मनोसामाजिक बिमर्शकर्ताहरूको ब्यबस्था गर्न सरकारलाई संसद मार्फत ध्यानाकर्षण गराउछु । भट्टराईले उल्लेख गर्नु भएको छ ।

## कागबेनी बस्ती पुनर्निर्माण सरकारको प्राथमिकतामा : गृहमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ भदौं

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले बाढीका कारण क्षति पुगेको मुस्ताङको कागबेनी बस्ती पुनर्निर्माणको कामलाई सरकारले प्राथमिकता दिने बताउनु भएको छ ।

गत साउन २८ गते कागखोलाको बाढीले प्रभावित बनेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनी बस्तीको मंगलबार स्थलगत निरीक्षण गर्नुहुँदै उहाँले भन्नुभयो- "ऐतिहासिक पर्यटकीय तीर्थस्थल कागबेनीको बस्ती पुनर्निर्माणको कामलाई सरकारले महत्वका साथ अघि बढाउँछ ।" सङ्घीय, प्रदेश र स्थानीय सरकारको सहकार्यमा बाढीका कारण क्षति पुगेका भौतिक संरचनाको पुनर्निर्माण गरिने गृहमन्त्री श्रेष्ठले बताउनुभयो । कालीगण्डकी नदीको बगरमा थुप्रिएको नदीजन्य वस्तुका कारण उत्पन्न जोखिम तथा क्षति न्यूनीकरण गर्दै बस्तीलाई सुरक्षित बनाउने विषयमा ढङ्गले छलफल गरिने उहाँले बताउनुभयो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आसन्न चीन भ्रमणका क्रममा कोरला नाका सञ्चालनको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## १८ विद्यालयमा 'विद्यालय नर्स' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं

गण्डकी प्रदेशमा गत वर्षदेखि कार्यान्वयनमा आएको 'विद्यालय नर्स' कार्यक्रमले यस वर्ष पनि निरन्तरता पाएको छ । प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका अनुसार ११ जिल्लाका १८ विद्यालयमा यो कार्यक्रम सञ्चालित छ ।

विद्यालय तहमै प्राथमिक स्वास्थ्य सेवा, सरसफाइ, पोषण, महिनावारी तथा प्रजनन स्वास्थ्यजस्ता सेवाको पहुँच पुर्‍याई विद्यार्थीको स्वास्थ्य अवस्थामा सुधार ल्याउन 'विद्यालय नर्स' कार्यक्रम सुरु गरिएको हो । मन्त्रालयका सचिव डा विनोदबिन्दु शर्माले बालबालिकाको आनीबानी र जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन सो कार्यक्रमबाट टेवा पुगेको बताउनुभयो ।

"छोटो समयमै विद्यालय नर्स कार्यक्रम प्रभावकारी देखिएको छ, यसबाट स्वास्थ्य शिक्षा प्रवर्द्धनमा समेत मद्दत पुगेको छ", उहाँले भन्नुभयो, "बालबालिकाले व्यवहार परिवर्तन र स्वास्थ्यको आधारभूत ज्ञान विद्यालयबाटै पाएका छन् ।" थप विद्यालयमा कार्यक्रम विस्तारका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव पठाइएको सचिव डा शर्माले बताउनुभयो । "सरकारको नीति, बजेट तथा कार्यक्रमले पनि यसलाई समेटेको छ, एकैसाथ धेरै विद्यालयमा लागू गर्न स्रोतले भ्याउने अवस्था नभए पनि कार्यक्रम विस्तार गर्नुपर्नेमा हाम्रो जोड छ", उहाँले भन्नुभयो । विद्यार्थी सङ्ख्या धेरै भएको विद्यालय छनोट गरेर कार्यक्रम सञ्चालन गर्ने गरिएको मन्त्रालयका फार्मेसी अधिकृत साजन बरालले बताउनुभयो । उहाँका अनुसार मुस्ताङको जनआदर्श, मनाङको प्रकाश ज्योति, म्याग्दीको जनप्रिय, पर्वतको पशुपति, बागलुङको नेपाल मावि र जनजागृति माविमा 'विद्यालय नर्स' कार्यक्रम सञ्चालनमा छ । यस्तै स्याङ्जाको पूर्णामृत भवानी, त्रि-सहिद नमूना, कास्कीको सहिद स्मृति आवासीय, भारती भवन, तनहुँको रामशाह, श्रीङ्ग, लमजुङको बागेश्वरी, इशानेश्वर, गोरखाको जीवनज्योति, चतुरमाला, नवलपुरको भानुदय नमूना र भीमसेन आदर्श माविमा सो कार्यक्रम सञ्चालित छ । मुस्ताङ, मनाङ, म्याग्दी र पर्वतका एक-एक विद्यालय र अन्य जिल्लाका दुई-दुईवटा विद्यालयमा कार्यक्रम लागू गरिएको अधिकृत बरालले उल्लेख गर्नुभयो । "गत वर्ष माघदेखि कार्यक्रम सञ्चालनमा आएको हो, यो वर्ष पनि प्रदेशका ११ वटै जिल्लामा कार्यक्रमले निरन्तरता पाएको छ", उहाँले भन्नुभयो । 'विद्यालय नर्स' कार्यक्रमका लागि मन्त्रालयले गत आवमा रु ५० लाख बजेट विनियोजन गरेकामा यो वर्ष रु एक करोड बजेट छुट्याएको छ । बागलुङको ताराखोला गाउँपालिका-४ स्थित नेपाल माविका प्रधानाध्यापक उमानाथ अधिकारीले विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणदेखि स्वास्थ्यशिक्षाकाकार्यक्रमसञ्चालन भइरहेको बताउनुभयो ।

"विशेषगरी किशोरीलाई यो कार्यक्रम बढी लाभदायी देखिएको छ, महिनावारीदेखि प्रजनन स्वास्थ्यबारे सचेतना बढेको छ, विद्यार्थीलाई सामान्य चोटपटक लाग्दा र बिरामी हुँदा प्राथमिक स्वास्थ्योपचार पनि विद्यालयमै हुन्छ", उहाँले भन्नुभयो, "नर्समात्रै मन्त्रालयले खटाएको छ, अरु व्यवस्थापन विद्यालयले नै गर्छ, गाउँपालिकाले पनि औषधि दिएर सहयोग गरिरहेको छ ।" नर्सिङ सेवाका लागि विद्यालयले छुट्टै कोठाको व्यवस्था गरेको प्रअ अधिकारीको भनाइ छ । मन्त्रालयले पाँचौँ तहका स्टाफ नर्सलाई छ महिनाको करार सम्झौता गरी विद्यालयमा खटाएको हो । मन्त्रालयले तलब पनि सिधैँ उनीहरुको खातामा पठाउने गरेको छ । नेपाल माविमा सेवारत स्टाफ नर्स जीवना शर्माले स्वस्थ जीवनयापनका लागि अपनाउनुपर्ने आनीबानी र व्यवहारबारे विद्यार्थीलाई सिकाउने गरेको बताउनुभयो । "अरु विषयको कक्षा खाली हुँदा पनि स्वास्थ्य सुरक्षा र हेरचाहबारे विद्यार्थीलाई जानकारी दिने गरेका छौँ, व्यक्तिगत सरसफाइ, पोषण सुधार, प्रजनन स्वास्थ्यजस्ता विषयमा विद्यार्थी सचेत हुन थालेका छन्", उहाँले भन्नुभयो, "किशोरीहरूलाई महिनावारी सरसफाइ तथा व्यवस्थापनबारेमा अभिमुखीकरण पनि गर्छौँ ।"प्राथमिक उपचारसम्म विद्यालयमा गरे पनि एन्टिबायोटिक औषधि चलाउनुपर्ने अवस्थाका विद्यार्थीलाई भने स्वास्थ्य संस्थामा पठाउने गरिएको स्टाफ नर्स शर्माले बताउनुभयो । "हामीले सुईं लगाउन, एन्टिबायोटिक औषधि दिन मिल्दैन, विद्यार्थीमा कुनै त्यस्तो लक्षण देखिएका नजिकको स्वास्थ्य संस्थामा पठाउँछौँ ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा आर्चरी खेलको बन्द प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं



एसियाडमा सहभागि हुने नेपाली खेलाडीहरुले प्रतिकुल मौसम र खेल सामाग्रि अभावका बाबजुत पनि पोखरामा आर्चरी खेलको बन्द प्रशिक्षणमा व्यस्त भएका छन् ।

आगामी असोज ६ देखि २३ गतेसम्म चिनको होङ्झावमा हुने १९ औं एसियाली खेलकुद (एसियाड) मा सहभागि हुने २ विधामा सहभागि ४ जना नेपाली खेलाडीहरु हाल पोखरामा बन्द प्रशिक्षणमा व्यस्त भएका हुन्।

अन्य खेल भन्दा प्राविधिक रुपमा फरक भएसंगै यसको खेल सामाग्रि धनु, एरो लगायतका बस्तुहरु निकै खर्चिलो हुँने हुदा यस खेल खेल्न प्रायः खेलाडीहरुले आफै खेल सामाग्रिको जोहो गर्ने गरेका छन् । बर्खायाम देशका अन्य शहर भन्दा बढी पानी पर्ने स्थान पोखरामा पानीको बाबजुत र खेल सामाग्रिको अभाव भए पनि खेलाडीहरुले एसियाडमा उत्कृष्ट खेल प्रर्दशन गर्ने गरी तयारी गरेको प्रशिक्षक वसन्त थकालीले बताए । पोखरामा बढी पानी पर्ने भएकोले प्रशिक्षणको समय तालिकामा असर पारे पनि प्रशिक्षणमा आफुहरुले कुनै कसर बाँकी नराखेको उनको भनाई छ । यसपाली उत्कृष्ट खेल प्रर्दशन गर्ने गरी पोखरामै करिब डेढ महिना जसो प्रशिक्षण गरिएको उनले जनाए । २० जना खेलाडीहरुबाट १६ जना हुदै ४ चरणबाट ४ जना मात्र खेलाडीहरु छनौट भएको प्रशिक्षक थकालीको भनाई छ । थकालीको साथमा नेपाल आर्चरी संघका केन्द्रिय अध्यक्ष दीपक गुरुङले समेत प्रशिक्षणमा सहजीकरण गर्दै आएका छन्। उनी भन्छन "यसपाली नेपालले कुनै एक रंगको पदक ल्याउनु पर्छ, सोही अनुसार हामीले तयारी गरेका छौं ।" यस अघि लगातार तीन पटक एसियाली खेलकुदमा सहभागि भएको नेपालको आर्चरी खेलले यसपाली चौथो पटक सहभागि हुने तयारी गरेको हो । तीन पटक लगातार एसियाडमा सहभागि भए पनि पदक विहिन भएको नेपालले यसपाली पदक ल्याउने आशा सहित एक अनुभवी खेलाडी सहित तीन जना खेलाडीले पहिलो पटक सहभागि हुने (डेब्यू) भएका छन्। हुनत पछिल्लो समयमा राम्रा खेलाडीहरुलाई विभागियमा अनुवन्धित गराउने गरेको पाइन्छ जहाँ खेल सामाग्रि खेल पोशाक देखि नियमित प्रशिक्षण हुने गरेको पाइन्छ । एसियाडमा सहभागि हुने २ महिला २ पुरुष खेलाडीहरु मध्य तीन जना विभागियका खेलाडी छन भने एक जना कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र बहादुर शेरचन समेत रहेका छन् । इण्डोनेसियामा भएको १८ औं एसियाली खेलकुदमा सहभागि भएका तिलक पुन मगर दोश्रो पटक सहभागि हुने १९ औं एसियाली खेलकुदमा भने सके पदक अन्यथा राष्ट्रिय रेकर्ड भंग गर्ने योजनामा रहेका छन् । विना अनुभव पहिलो पटक सहभागि हुँदा एसियाली खेलकुदमा र् याङकीङमा पर्न नसकेको विर ासतलाई यसपाली भने उनले इतिहास रच्ने योजनामा रहेका छन् । यसपाली नियमित जसो अभ्यास तथा बन्द प्रशिक्षण पनि काठमाण्डौं पोखरा गरेर करिब ३ महिना जसो भएकोले गर्दा आफुलाई थप आत्मविश्वास बढेको पुनको भनाई छ ।

नेपाल पुलिस क्लवमा आबद्ध भएका पुनः अघिल्लो बर्षको तुलनामा केही बढी समय बन्द प्रशिक्षण गर्ने अवसर प्राप्त भएकोले यस बर्ष उत्कृष्ट प्रर्दशन गरी योजनामा रहेका छन् । प्रेम बहादुर पुनले कायम गरेको रिकर्भ तर्फको ६५५ अंकको रेकर्ड नै भंग गर्ने रणनितीमा भएको बताउछन् । खेलका क्रममा आफुलाई खासै कुनै कुराको अभाव नभएको बताउदै पुनले खेलमा कहिले काँहि राम्रो गर्न खोज्दा खोज्दै खेलको सन्तुलन गुम्न सक्ने प्रकतिकृया दिए। आफ्नो लागि विभिन्न दाताबाट खेल सामाग्रि प्राप्त भएकोले समस्या नभएको पुनले बताए ।

असारमा केही समय काठमाण्डौमा प्रशिक्षणमा रहेका पुन सहितका ४ जना खेलाडीहरुलाई आर्चरी टेनिङ सेन्टर उपयुक्त नभएका कारण साउन एक गते देखि हाल पोखरामा बन्द प्रशिक्षणमा राखिएको छ। एसियाडमा नेपालले आर्चरी खेलमा पुनः सहित मन्जु बजगाई रिकर्भ विधामा प्रतिष्प्रर्धा गर्दै छन भने आर्चरीको कम्पाउण्ड विधामा योगेन्द्र शेरचन र इमायुङ राई प्रतिष्प्रर्धा गर्ने भएका हुन् ।

राई र मन्जु नेपाल आर्मीमा आबद्ध खेलाडी हुन भने शेरचन पोखराका खेलाडी हुन् । पोखराको राष्ट्रिय आर्चरी खेलमैदानमा हाल प्रशिक्षणमा रहेका शेरचनले आर्चरी प्राविधिक खेल भएकोले गर्दा खेल सामाग्रिको भने अभाव भएको गुनासो गरे । खेल सामाग्रि समयमै माग गर्दा प्राप्त गर्न नसकेको उनले बताए । प्रशिक्षणको क्रममा उनको बोगो (धनुस) भाचिएको ले आफ्नो व्यक्तिगत खर्चमा २ लाख ५० हजार खर्चीयर भारतबाट धनुस खरिद गरेको उनले सुनाए । ३ महिना अघि नै एरो सहितको खेल सामाग्रि उपलब्ध भएको भए आफुहरुको प्रशिक्षण उत्कृष्ट हुने उनको दाबी छ । एसियाली खेलकुदको सेमिफाइनलमा पुग्ने देश नै ओलम्पीकमा सहभागि हुने हुँदा आफुहरुले एसियाडमा सेमिफाइनलको यात्रासम्म पुग्ने सके मात्र ओलम्पिक खेलेकै भान हुने विश्वास व्यक्त गरे ।

## व्यवस्थित ...

सुविधासम्पन्न र व्यवस्थित बसपार्क निर्माणका लागि जमिन छुट्याइए पनि हालसम्म पूर्वाधार बन्न सकेको छैन ।

पछिल्लो समय बसपार्कभित्रको जमिन समथर बनाउने, खाल्डाखुल्डी पुर्ने पुराना र थोत्रा सवारीसाधन हटाएर सहज बनाइएको तिमिल्सिनाले बताउनुभयो । उहाँले भन्नुभयो, "महानगरपालिका पोखरा बसर्पाकको व्यवस्थित सञ्चालनका लागि प्रतिबद्ध छ, अहिले सडकबाट छुट्ने सबै गाडीलाई बसपार्कभित्रबाटै छुट्ने/छुटाउने अनिवार्य व्यवस्था लागू गरिएको छ ।

अहिले बसपार्कको आन्तरिक व्यवस्थापनको काम गरिरहेका छौं, सोहीअनुरूप बसपार्ककै जग्गा रहेका मोटर पार्टस् र ग्यारेज बन्द गरेका हौं ।" बसपार्क व्यवस्थापनमा स्थानीय व्यवसायीले सकारात्मक सहयोग गरिरहेको संयोजक शर्माले बताउनुभयो । उहाँका अनुसार बसपार्कभित्र रहेका कवाडी सङ्कलन केन्द्रलाई यही भदौ २२ गतेभित्र स्थानान्तरण गर्न निर्देशन दिइएको छ । पृथ्वीचोक बसपार्कलाई थप व्यवस्थित बनाउनका लागि रेलिङ निर्माण गरिएका छन् भने नाला निर्माण सम्पन्न गरी ढलान गर्ने तयारी गरिएको समितिका सदस्य एवं वडा नं ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो । बसपार्कको बीच भागमा रहेको टिकट काउन्टर हटाइएको छ भने केही टहरासमेत स्थानान्तरण गरिएका छन् । यस कार्यमा पोखरा महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, यातायात व्यवस्थापन समिति, यातायात व्यवसायी, नेपाल प्रहरी, नगर प्रहरी र स्थानीय जनप्रतिनिधि निरन्तर लागिरहेका छन् । बसपार्क क्षेत्रमा भइरहेको अतिक्रमणलाई हटाई व्यवस्थित बसपार्क निर्माण गर्ने महानगरपालिकाको योजना रहेको महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभएको छ ।

उहाँका अनुसार त्यस क्षेत्रमा रहेका भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई निस्सा वितरणको पहिलो चरणको काम सम्पन्न भइसकेको छ भने अब दोस्रो चरणमा तिनीहरूको व्यवस्थापनको काम सुरु हुनेछ । त्यसपश्चात् बसपार्कमा थप पूर्वाधार निर्माणका काम गरिनेछन् । आधुनिक र सुविधासम्पन्न बसपार्क निर्माणका लागि विसं २०३२ मा दुई सय पाँच रोपनी क्षेत्रफल जमिन अधिग्रहण गरिएको थियो । तर अहिलेसम्म बसपार्कका पूर्वाधार बन्न नसक्दा बसपार्क वरिपरिको क्षेत्र कुरुप बनेको छ । बसपार्क बनाउन छुट्याइएको जमिन बर्सेनि अतिक्रमणमा परेको छ । बसपार्कभित्र पूर्वाधार नबन्दा लामो तथा बजार क्षेत्रभित्र चल्ने सबै बस बसपार्क अगाडिको सडकबाट गन्तव्यका लागि छुट्ने गरेका थिए । पछिल्लो समय भने बसपार्कभित्रैबाट छुट्ने नियम बनाइएको छ ।

# कोन सहकारीले १६.३८ प्रतिशत लाभांश बाँड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. ले आ.व.२०७९/८० मा ८ करोड १४ लाख नाफा गरेको छ । यस वर्ष सहकारीले १६.३८ प्रतिशत शेयर लाभांश वितरण गर्ने भएको छ ।

सहकारीले यस आ.व.२०७९/८० मा संरक्षित पूँजी फिर्ता कोषबाट कारोबारको आधारमा ऋणी सदस्यहरुलाई ३.७४% र बचतकर्ता सदस्यहरुलाई ३.२८% को दरले बोनस वितरण गरिने संस्थाका महाप्रवन्धक सुजता हमालले जानकारी दिइन । सहकारीले यो अवधिमा ४ हजार १ सय ४४ जना सदस्य पुऱ्याएको छ । यस आ.व.२०७९/८० मा संस्थाको शेयर पूँजी १८ करोड ६९ लाख ४६ हजार तीन सय, कुल बचत १ अर्ब ५३ करोड ४२ लाख तेतिस हजार एक सय र ऋण लगानी १ अर्ब ३५ करोड ५६ लाख तीस हजुर पाँच सय ४४ भएको हमालले भनिन् । संस्थामा साधारण जगेडा कोष १७ करोड ६ लाख र अन्य कोषहरुको रकम ६ करोड १८ लाख, तरलता वित्तीय लगानी सहित ३६.९२% र कुल सम्पत्ति २ अर्ब ६ करोड ५५ लाख ७९ हजार ६ सय ८१ रहेको छ । सहकारीले अनलाइन मार्फत मोबाइल बैंकिङ सेवा, खानेपानी र विजुलीको महशुल तिर्ने व्यवस्था र एसएमएस सेवा दिँदै सदस्यलाई सहजीकरण गर्दै आएको महाप्रबन्धक हमालले जानकारी दिइन् । यस संस्थाको यूनाइटेड रेफरेन्स ल्याबरेटरी प्रा.लि.संग भएको सम्झौता अनुसार यस संस्थाको सदस्यहरुले संस्थाको परिचयपत्रको आधारमा सबै प्रकारका परीक्षण सेवामा ३५% छुटको व्यवस्था गरिएको छ । सहकारीले आफ्ना सदस्यहरुलाई समय समयमा सहकारी शिक्षा कार्यक्रम गरी सहकारीको बारेमा जनचेतना दिँदै आएको छ । आर्थिक कारोवारसँगै सामाजिक उत्तरदायित्व अन्तर्गत टोलमा सरसफाई कार्यक्रम र हरेक वर्ष रक्तदान कार्यक्रम गर्दै आएको संस्थाका अधिकृत हेमा गुरुङले बताइन । शेयर सदस्यहरुलाई आइपरेका दुःखका दिनमा समवेदना र चाड पर्वमा शुभकामना आदानप्रदान कार्यक्रम गर्दै आएको अधिकृत गुरुङले भनिन् । कोन गरिब तथा जेहेन्दार छात्रवृति कार्यक्रम अन्तर्गत भद्रकाली बहुमुखी क्याम्पसमा स्नातक तह अध्ययनरत जेहेन्दार विद्यार्थी मेनका मल र जस्मिना घलेलाई हालै छात्रवृति प्रदान गरेको छ ।

## कागबेनी ...

विषयलाई पनि छलफलको विषय बनाइने गृहमन्त्री श्रेष्ठले बताउनुभयो । "कोरला नाकालाई चीन र नेपालबीचको व्यापारिक नाकाका रूपमा कसरी सञ्चालन गर्ने भन्ने विषयमा सरकारले गम्भीरताका साथ पहल गर्नेछ," उहाँले भन्नुभयो, "बेनी-जोमसोम-कोरला सडकमा बाह्रैमास यातायात सञ्चालनको व्यवस्था मिलाउन लागिपरेका छौं ।" क्षतिग्रस्त सडक, पुल, खानेपानी, विद्युत् र सिँचाइ आयोजना पुनर्निर्माणको काम तत्काल अघि बढाइने उहाँको भनाइ थियो । गृहमन्त्री श्रेष्ठले बाढीले क्षति गरेको कागबेनीको बस्तीको निरीक्षणका साथै स्थानीय तह, प्रशासन र सुरक्षा निकायका अधिकारीसित छलफल गर्नुभएको थियो । कागखोलाको बाढीबाट रु एक अर्बभन्दा बढीको क्षति पुगेको प्रारम्भिक अनुमान गरिएको छ । नगद सामान र संरचनामा मात्र रु ८१ करोड ८३ लाख बराबरको क्षति भएको छ । सडक, मोटरेबल पुल, झोलुङ्गे पुल, गुम्बा, मन्दिर धर्मशाला, सामुदायिक भवन, प्रहरीचौकीको भवन, तटबन्धनलगायत भौतिक पूर्वाधारतर्फ रु २१ करोड दुई लाख बराबरको क्षति पुगेको तथ्याङ्क छ । स्थानीयका ५० घरमा रु ५२ करोडभन्दा बढीको क्षति भएको पालिकाले जनाएको छ । बाढीबाट २९ घरमा पूर्ण क्षति तथा १५ घरमा आंशिक क्षति पुगेको थियो भने बाढीले बगाउँदा २४ पशुचौपाया मरेका थिए ।

# एसियाडमा 'डेब्यु' गर्दै नेपाली महिला ह्याण्डबल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौं

एसियाली खेलकुदको सर्वोच्च प्रतियोगिता एशियाली खेलकुद(एसियाड)मा नेपाली महिला ह्याण्डबल टोलीले पहिलोपटक 'डेब्यु' गर्दैछ । १९औं संस्करण एसियाड अङ्गागामी असोज ६ देखि २३ गतेसम्म मित्रराष्ट्र चीनको हाङझावमा हुँदैछ ।

हरेक चार वर्षमा हुने यस प्रतियोगितामा एसिया महादेशका राष्ट्रहरूले प्रतिस्पर्धा गर्दछन् । नेपालले पनि प्रतियोगिताका विभिन्न २९ खेलमा सहभागिता जनाउँदैछ । त्यसमध्ये महिला ह्याण्डबल पनि हो । प्रतियोगितामा सहभागिता जनाउन लागेको नेपाली टोली पोखरामा साउन पहिलो सातादेखि बन्द प्रशिक्षणमा छ । पोखरा रङ्गशालाभित्रको बहुउद्देश्यीय 'कभर्ड हल'मा नेपाली टोलीका १६ खेलाडी अभ्यासरत छन् । यसअघि विसं २०७६ मा पोखरामा सम्पन्न १३ औं दक्षिण एशियाली खेलकुदमा नेपाल उपविजेता बनेको थियो । आयोजक राष्ट्र चीन, जापान, हङकङ, भारत लगायतका देशसँग भिड्दा नेपाली टोली उच्च मनोबलका साथ मैदानमा उत्रिने तयारीमा छ ।

नेपाली महिला ह्याण्डबल टोलीका उपकप्तान उमा राइले एशियाडका लागि टोलीका सबै सदस्य उत्साहित रहेको बताउनुभयो । हरेक खेलाडीको सपना प्रतियोगितामा जित भएको उहाँको भनाइ छ । "पोखराको वातावरणमा राम्रोसँग अभ्यास गरिरहेका छौं । पदक ल्याउने कोसिस गर्नेछौं", उहाँले भन्नुभयो । नेपाली टोलीमा अधिकांश नयाँ खेलाडी छन् । पोखरामा बन्द प्रशिक्षणमा रहेको टोलीले हप्तामा एक दिन यहाँको कास्की जिल्ला ह्याण्डबल सङ्घको पुरुष टोलीले अभ्यास खेल खेल्ने गरेको छ ।

"अन्तर्राष्ट्रिय खेलाडीसँग खेल खेलेर अनुभव बटुल्न चाहन्छौं तर त्यो अवसर प्राप्त भएको छैन", उपकप्तान राईले भन्नुभयो । नेपाली टोली सागको तयारीका लागि थाइल्याण्डमा गएर अभ्यास गरेको थियो । नेपाली राष्ट्रिय महिला ह्याण्डबल टोलीका प्रशिक्षक विन्दा थापाले प्रतियोगितामा खेलाडीको प्रदर्शन राम्रो हुनेमा विश्वास व्यक्त गर्नुभयो । प्रतियोगितामा पहिलो सहभागिताले खेलाडी उत्साहित भएको र महिला ह्याण्डबल अन्तर ाष्ट्रिय खेलकुदमा प्रवेश गरेको उहाँको भनाइ छ ।


"बाहिर लान पाएको भए राम्रो हुनेथियो । खेलाडीले बाहिर गएर खेल्दा अनुभव बटुल्न पाउथे तर यसपटक त्यो अवसर मिलेन तर खेलाडी प्रतियोगितालाई लिएर उत्साहित छन् ।" प्रशिक्षक थापाले भन्नुभयो । एसियाली खेलकुदमा नेपालले आफ्नो पहिलो खेल आयोजक चीनसँग खेल्नेछ । त्यसैगरी जापान, हङकङ र भारतसँग पनि नेपालले खेल्नेछ ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# देशको हितमा फाइदा लिने अवसर

सरकार र नेकपा माओवादी बीच विस्तृत शान्ति संझौता भएको १७ वर्ष भएको छ। शान्ति संझौताको मुख्य काम वेपत्ता कार्यकर्ताको खोजी गर्ने र सत्य निरुपण गरि मेलमिलापको वातावरण बनाउनु हो। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दुई वर्षमा बेपत्ता योद्धको स्थिति सार्वजनिक हुने प्रतिबद्धता जनाएका छन। ''बेपत्ता योद्धाको स्थिति दुई वर्ष भित्रमा टुङ्ग्याउने गरी कार्य सुरु गरिसकेको जानकारी प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले दिएपनि विगतको जस्तै हुने आशंका छाप्रधानमन्त्री दाहालले एमाले अध्यक्ष केपी शर्मा ओलीसंग टिआरसि विधेयक पारितका लागि सहयोग मागेका छन। संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जानू अघि विदेशीलाई देखाउन भेटवार्ता गरेका हुन भन्ने आरोप गलत गर्न प्रधानमन्त्रीले अब सबैको चित्त बुझाउनु पर्छ।

प्रधानमन्त्री प्रचण्डको-"बेपत्ता योद्धाको स्थिति सार्वजनिक गर्ने, उनीहरूलाई शहीदको सम्मान दिने र परिवारलाई उचित क्षतिपूर्ति, परिपूरणसहितको व्यवस्था गर्न आफू पूरै लागिपर्ने प्रतिबद्धता छ। शान्ति प्रक्रियाका बाँकी काम दुई वर्ष भित्रै टुङ्गोमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेपनि १६ वर्ष सम्म पूरा नभएको दुई वर्षमा परिणाम आउँछ भन्नु अपत्यारिलो कुरा हो। माओवादी मा एउटा कुरा अरुसंग अर्को कुरा गर्ने बानी हटाउनुपर्छ। सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयक संसदबाट पारित गर्ने गरि तीन ठूला दलले संवादलाई जोड दिनु सकारात्मक काम हो। बेपत्ता योद्धा परिवार समाजले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा प्रधानमन्त्री प्रचण्डसँगै ठूला दलहरूको सहमतिमा नै सो विधेयक संसदबाट पारित हुने अवस्था बन्दै गएको छ। अहिले पनि सदन भित्र सबै राजनीतिक दल र सदन बाहिरका पीडितसँग पनि समझदारी बनाएर सत्य निरूपण तथा बेपत्ता आयोग सम्बन्धी विधेयक पारितहुनुपर्छ। नेपाली काङ्ग्रेसका रमेश लेखकले बेपत्ता योद्धाको स्थितिलाई र सत्य निरूपणसँग सम्बन्धित विषयलाई टुङ्गोमा पुऱ्याइन्छ भन्ने कमिटमेन्ट गरेका थिए। त्यसैगरी नेकपा (एमाले)का प्रदीप ज्ञवालीले पनि बेपत्ता योद्धाका परिवारका अगाडि, शहीद परिवारजनको अगाडि उभिएर जेकमिटमेन्ट गरेका थिए। तीनको धेरै ठुलो अर्थ छ।

शान्ति प्रकृयाको काम सक्न प्रधानमन्त्री दाहाल, काङ्ग्रेस सभापति शेर बहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले पटकपटकका वार्ता र भेटघाटले केही सहज वातावरण बनाउँदै लगेको छ। राजनीतिक र कार्यशैलीमा तीन दलबीच मतभेद रहेपनि शान्तिसम्झौताका काम पूरा गर्न लचकता देखाएका छन। माओवादी लडाकुलाई दुई लाख दिने निर्णय अदालतको अन्तरिम आदेशका कारण रोकिएको कारण प्रधानमन्त्री प्रचण्डलाई लचकता देखाउने मौका पाएका छन। कुरा धेरै गर्ने तर काम थोरै गर्नेगरेकोले पनि सबैले विश्वास गर्ने ठाउँ थिएन। अहिले थोरै बोलेर धेरै काम गर्ने वाचा गरेका प्रचण्डले पुरानै बानी छोड्न सकेका छैनन्। अरु सबै कुरा छोडेर शान्तिसम्झौताका बाँकी काम पुरा गर्न सकेमा प्रधानमन्त्रीले शान्तिपूर्ण राजनीतिको पनि नेतृत्व गर्न सक्ने अवसर पाउनेछन्।यो मौकाको फाइदा लिनु देशको हितमा हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# भगवान श्रीकृष्णको जन्म र बाल लिला

नारायण प्रसाद बास्तोला



यस स्वायम्भुव मन्तरको समयमा सुतपा नामका प्रजापति र तिमी पृथ्नी नामकी थियौ। व्रम्हाजीले तिमी दुवैलाई सन्तान उत्पन्न गर्ने आज्ञा दिनु भएको थियो। त्यस बेला तिमीहरु दुवैले १२ वर्ष घोर तपश्या गर्‍यौं। तिमीहरुको तपश्याबाट प्रशन्न भएर तिमीहरुको अभिलाषा पूर्ण गर्नको निमित्त म तिमीहरुको सामुन्ने प्रकट भएर तिमीहरुको मनमा जे इच्छा छ सो माग भन्दा तिमीहरु दुवैले म जस्तै गुणसिल भएको छोरा पाँउ भनी वर माग्यौं। त्यस बेलासम्म तिमीहरुको कुनै सन्तान नभएकोले मेरो मायाले मोहित भएका तिमीहरुले म बाट मोक्ष माग्न सकेनौ, तिमीहरुको माग वमोजिम बरदान दिए।

यस धर्तीमा भगवानले २ कारणले अवतरण लिनुहुन्छ।

क. आफुले दिएको वरदान पुरा गर्न।

ख. पृथ्वीमा भएको पापको भार हरण गर्न।

जहिले जहिले धर्मको पतन हुन्छ र अधर्मको उन्नती हुन्छ, त्यसबेलामा अवतार लिनुहुन्छ।

भक्तहरुको उद्धार गर्न र दुष्ठहरुको विनास गरि धर्मको पुनस्थापना गर्न युग युगमा प्रकट हुनुहुन्छ। राजा परिक्षितले सुकदेवसँग सोध्नु भयो, गर्भमै प्रवेश गरि भगवान श्रीकृष्ण मनुश्य रुपमा प्रकट हुनु उहाँको एउटा लिला पो हो। हे विद्धान मलाई यिनै भगवानका लिलाहरुको वर्णन गरेर सुनाउनुहोस्। सुकदेवजीले पहिला राजाको प्रशंषा गरे र त्यसपछी कलियुगको दोष नाश गर्ने श्रीकृष्ण भगवानको चरित्रहरुको वर्णन गर्न थाले।

मथुराका राजा सुरशेनका छोरा बासुदेवजी देवकीसँग विवाह गरि घर आउनको निमित्त रथमा सवार भयो। त्यसबेला उग्रसेनका छोरा कंस सुनले मोरिएको सयकडौ रथका साथ बहिनी देवकीलाई पुऱ्याउनको निम्ती उनि चढेको रथमा स्वयंम सारथी भएर रथ हाक्ने इच्छाले घोडाको लगाम समाते। छोरीलाई बडो प्यार गर्ने महाराज देवकले छोरी विवाह गर्दाखेरी हात्ती, घोडा, रथ तथा राम्रा राम्रा गहनाले सजिएका २०० दासी दाइजोको रुपमा दिए। वरवधुको विदाईको बेला मङ्गल धुन बज्न लागे। घोडाको लगाम समातेर रथ हाक्दै गई रहेका बेलामा बाटोमा कंसले यस्तो आकाशवाणी सुन्यो। ए मूर्ख ! जसलाई त रथमा राखेर लगिरहेको छस् त्यसैको आठौं गर्भबाट उत्पन्न बालकबाट तेरो मृत्यु हुनेछ। यो आकाशवाणी सुन्दा साथ भोज वंशका त्यो दुष्ठ महापापी कंसले बहिनीको चुल्ठो समाती मार्न तयार भयो। त्यो निर्लज्ज महानिष्ठुरी कंसले निन्दनिय काम गर्न लागेको देखेर महाभाग्यमानी बासुदेवजीले मिठो बोली बोलेर कंसलाई सम्झाइ बुझाइ गर्न लागे।

बासुदेवले भने हे कंस ! तिमीले भोजवंशको यश बढाएका छौ। बडा सुरविरले तिम्रो गुणको सराहना गर्दछन्। यस्तो सुरशिरोमणिले विवाहको दिन आफ्नो अवला बहिनीलाई मार्न उद्दत हुनु तिमीलाई सुहाउदैन। हेर विर जसले जन्म लिन्छ, उसको मृत्यु अवश्य हुन्छ। आफ्नो कर्म अनुसार एउटा शरिरबाट अर्को शरिरमा प्रवेश गर्दछ। तसर्थ आफ्नो कल्याणको ईच्छा गर्नेले कसैसित द्रोह गर्न हुदैन। हे कंस ! तिम्री बहिनी सानी बालिका छिन् र छोरी समान कि छिन्। तिमी त दिन दुःखीको रक्षा गर्नेवाला भएकोले विवाहको माङ्गलिक अवस्थामा यिनलाई मार्नु तिम्रो लागि योग्य काम होइन।

वासुदेवले कंसको जति प्रशंसा गरेर सम्झाए पनि दुष्ठ स्वभावका कंसले आफ्नो संकल्प नछाड्ने देखी देवकीलाई जोगाउनका लागि कंसलाई फेरी आफुबाट जन्मने छोराहरु दिने प्रतिज्ञा गरे। साथै जन्म मृत्युको उदारहण दिएर शुरपुत्र बासुदेबले बडो सम्मानका साथ कंसको प्रशंसा गर्नुको साथै उनलाई विश्वास दिलाउन बासुदेबले भने, तिमीलाई देवकीबाट कुनै भय छैन भय केवल यिनको कोखबाट जन्मने छोरा बाट छ। तसर्थ यिनका सबै छोरा म तिमीलाई सुम्पी दिनेछु। बासुदेबको भनाई मनासिव सम्झेर कंसले देवकीलाई मार्ने विचार छाडिदियो। बासुदेब पनि खुशी भएर आफ्नो घरतिर लागे। समय पुगे पछि छोराको जन्म भयो। बासुदेबको मनमा ठुलो दुःख लागे पनि किर्तिमान नाम गरेका पहिलो छोरा ल्याएर सुम्पीदिए। बासुदेबले आफ्नो वचनको पालना गरे। साधुजनले सत्यलाई पालना गर्न जे गर्न पनि सक्दछन्। तर असत्यतालाई कहिल्यै स्विकार गर्दैनन्। कंसले बासुदेबको सत्य परायणता देखी खुशी भएकोले सानो बालकलाई फिर्ता गरि भने यसबाट मलाई कुनै भय छैन, आकाशवाणीमा मेरो मृत्यु आठौं गर्भबाट उत्पन्न भएको सन्तानबाट हुने भनेको छ। बासुदेबले पनि ठिक हो भनेर बालक लिई घर फर्कि आए।

सोही बेलामा नारदजी कंस कहाँ पुगेर भने हे राजन ! वज्रमा बस्ने नन्द आदि गरिएका गोपहरु र उनका स्त्रीहरु बासुदेब आदि वृष्णी वंशका यादवहरु सबै वन्धु वान्धवहरु देवता हुन्। यसबेला तिम्रा सेवामा लागेकाहरु पनि सबै देवता हुन्, दैत्यहरुले गर्दा पृथ्वीको भार बढी रहेको कारण देवताहरुको तर्फबाट तिमीलाई वध गर्न निमित्त तयार भै रहेको छ।

देवर्षि नारदजी फर्के पछी विष्णु देवकीको गर्भबाट मलाई मार्न प्रकट हुनेछन् भन्ने कंसलाई निश्चय भयो र देबकी र बासुदेवलाई हतकडी लगाएर कारागरमा राखी दियो। देवकीका गर्भबाट उत्पन्न भएका प्रत्येक बालकलाई विष्णु सम्झेर कंसले मार्न लाग्यो। पूर्वजन्ममा म कालनेमी नामको असुर थिए र विष्णुको हातबाट मरेर यहाँ उत्पन्न भएको हुम भन्ने कुरा कंसलाई थाहा थियो। यसै कारण यादवहरु सँग विरोध भएकाले यदु, भोज र अन्धक वंसी यादवहरुका अधिपति आफ्ना पिता उग्रसेनलाई कैदी तुल्याई स्वयंम सुरसेन देशको राज्य गर्न लाग्यो।

कंसले आफ्ना मत मिल्नेसँग मिलेर अन्य मत नमिल्नेहरुको र यादवहरुलाई नाश गर्न लाग्यो। केवल अकुर लगायत अलिकता यादवहरुले कंसको सेवामा लागी रहे। कंसले एक एक गरेर देवकीका ६ जना बालक मारेपछी देवकीको सातौं गर्भमा भगवानको अंश स्वरुप शेषजी देवकीको सातौं गर्भमा आउनाले देवकीलाई खुशी त लाग्यो तर यिनलाई पनि मार्दछ भन्ने दुःख झन् बढ्न थाल्यो।

आफ्ना भक्तहरु पिडित भएको देखी विशात्मा भगवानले योगमाया (भगवती) लाई भन्नु भयो, अहिले शेषनाम गरेको अंश देवकीको गर्भमा रहेको छ। त्यस गर्भलाई त्यहाँबाट झिकेर रोहिणीको गर्भमा राखीदेउ। हे कल्याणी त्यसपछि आफ्नो समस्त अंशका साथ पूर्णरुपले अवतिर्ण भएर देवकीको गर्भद्वारा जन्म लिनेछु। तिमीले पनि ठिक त्यही समयमा नन्द पत्नी यसोदाको गर्भबाट जन्म लिनु। भगवानको आज्ञालाई शिरोधार गरी योगमायाले जो आज्ञा भनी पृथ्वीतलमा आएर देवकीको गर्भ लागेर रोहिणीको उदरमा राखेपछी पुरवासीहरु बडो दुःख मानेर हाय ! देवकीको गर्भ त नष्ट भयो भनेर चर्चा गर्न लागे। अनन्तकरणमा भगवानको दिव्य तेज धारण गरेका बासुदेबजी सँग शुद्ध मन भएकी देवकीले जगतको मंगल गर्ने ज्योर्तिमय अंशलाई बासुदेबको विर्यरुप गर्भमा धारण गरिन। देवकीको मुखमा पवित्र मुस्कान भएको कान्तीले झ्यालखाना झकमक्क भएको देखी कंसले मनमनै भन्न लाग्यो यस पटक त अवश्य मेरो प्राणा लिने (विष्णु) ले यस गर्भमा प्रवेश गरेका छन्। नभए देवकीमा यस्तो तेज मैले देखेको थिईन। अब मैले स्वार्थ सिद्धिको निम्ती गर्भनास तथा स्त्री एवं गर्भिणी बहिनीको हत्या गर्नु पाप लाग्दछ भन्ने सम्झी मनमा भगवान प्रति वैरभाव लिएर उनको जन्मलाई



पर्खेर बस्यो। उठ्दा, बस्दा, खादा, पिउदा, हिडडुल गर्दा, सुत्दा हरवखत श्री कृष्ण भगवानको चिन्तामा लागि रहयो। यस प्रकार सँग सारा जगतमा नै कंसलाई कृष्णमय देखिन लाग्यो।

यहि मौकामा भगवान शंकर औं व्रहमा देवकीको निवास स्थान सुतिका गृहमा आउनु भयो। उहाँहरुको साथमा अनुचर सहित देवता नारदजी ऋषिमुनिहरु पनि थिए। वहाँहरु सबैले सबैको अभिलाषा पुर्ण गर्ने भगवानको मिठो वचनले स्तुति गर्न लाग्नु भयो र भन्नुभयो, देवकी माता ! हामि सबैको कल्याण गर्न निमित्त स्वयंम भगवान सम्पुर्ण कला सहित तपाईको कोखमा पाल्नु त ठुलो सौभाग्यको कुरा हो अब झट्टै मर्ने भएको कंस देखी तपाईले अलिकति पनि डराउनु पर्दैन उहाँले यदु बंशको रक्षा गर्नु हुनेछ भनि व्रहमा औ महादेवलाई अघि लगाएर देवताहरु फर्केर गए।

समस्त शुभगुणले युक्त अत्यन्त रमणीय व्रम्हाजीको नक्षेत्र रोहिणीको उदय भयो। आकाशमा अश्विनी आदी गरिएका जम्मै नक्षेत्र ग्रह औं ताराहरु उत्तम स्थानमा शान्त रुपले रहेका थिए। घोर अन्धकारमय भाद्र कृष्ण अष्ठमीको राती आधारातको समयमा भगवानले अवतार लिदा पूर्व दिशामा सोर्है कलाले पूर्ण भएको चन्द्रमा उदय भएकै विष्णु भगवान देवकीको गर्भबाट प्रकट हुनुभयो।

वासुदेवले आफ्नो अगाडी चतुर्भुज विष्णु स्वरुप अदभुत वालकलाई देखे पुत्ररुपमा स्वयंम भगवान अवतिर्ण भएको देख्दा पहिले त छक्क परेपछि आनन्दले प्रफुल्लीत भए। श्री कृष्ण भगवानको कान्तीले अन्धकार हट्यो। वालक स्वयंम परम पुरुष हुन भन्ने निश्चय भएपछि कंस देखिको डर हट्यो। भगवानको प्रभाव भन्ने थाहा भएर वासुदेवजी शिर निहुराएर हात जोडिकन स्तुती गर्न लागे। र अन्तमा भने आफ्ना दुतहरुद्वारा तपाईको अवतारको समाचार पाउनासाथ त्यो कंस हातमा शस्त्रलिई यहाँ आउनेछ। देवकीले वालकमा पुरुषोत्तम भगवानको सबै लिला लक्षण देखी पवित्र भावले मुसुक्क हास्दै कंस देखी डराएर वालरुप नारायणको स्तुती गर्न लागिन। स्तुतीको क्रममा तपाईको यो चतुर्भज दिव्यरुप ध्यानको वस्तु हो। मासमज्जामय शरिरमा दृष्टी राख्ने देहभि मानी को अगाडी यसलाई प्रकट नगर्नुहोस्। पापी कंसलाई मेरो गर्भबाट जन्म भएको थाहा नहोस। म कंसदेखी डराइरहेकी छु। आफ्नो चतुर्भुजरुप लुकाई हाल्नुस र सामान्य वालकको रुप धारण गर्नुहोस। यस्ता परम पुरुष परमात्मा तपाइले मेरो गर्भमा बास गर्नु मनुष्य लिला वाहेक अरु के हुन सक्दछ।

भगवानले भन्नुभयो हे देवी स्वायम्भुव मन्तरमा वासुदेव सुतपा नामक प्रजापति र तिमी पृश्नी नामका थियो। तिमीहरुको तपश्याले प्रशन्न भएर वर माग भन्दा म जस्तै गुणसिल भएको पुत्र पाँउ भनेकाले त्यसबेला तिमीहरुको छोरा भएर जन्मेर पृश्नी गर्भ नामले प्रख्यात भए। अर्को जन्ममा तिमी अदिति र वासुदेव कश्यप भए म तिमीहरुको छोरा भएर जन्मे। त्यसबेलाको मेरो नाम उपेन्द्र थियो। शरिर सानो हुनाले मलाई वामन पनि भन्दथे। तिमीहरुको यो तेस्रो जन्ममा पनि म उही रुपले तिमीहरुको छोरा भै जन्मेको छु। यस प्रकारसँग मैले तिमीहरुलाई दिएको वचन सत्य भयो। मेरो पहिले पहिलेको अवतारको स्मरण होस भन्ने मनसायले मैले चतुर्भुजरुप देखाएको हुम। यो अलौकिक रुप नदेखाएर केवल साधारण मनुष्यरुपले जन्म लिएको भए तिमीहरुले मलाई चिन्न सक्ने थिएनौ। पुत्रभावले तथा व्रम्हभावले सदा मेरो चिन्तन गरेर मेरो उपर स्नेह गर्नाले तिमीहरुले मेरो परमपद भेटाउनेछौं। तिमीलाई कंसको डर छ भने मलाई गोकुलमा लिएर जाँउ र त्यहाँबाट यसोदाको गर्भबाट जन्मेकी मेरी योगमायालाई लिएर झट्टै फर्किहाल।

आफ्नो भनाइ राखेर भगवान चुप लाग्नु भयो र मायाको भयले आमा बाबुले हेर्दा हेर्दै साधारण वालकको रुप धारण गर्नुभयो। उता ठिक यहि समयमा नन्द पत्नी यसोदाको गर्भबाट योगमायाको जन्म भयो। भगवानको आज्ञा मुताविक वाल रुप भगवानलाई लिएर सुतिका गृहबाट निस्कने बेलामा पुरवासीहरु सबै अचेत हुनगए औं सबका धेग निद्राको वशमा परे। झ्यालखानाका सबै ढोका बन्द थिए। त्यसमा लगाएको ताला औ फलामको सिक्री आफै खुले। यस बेला बादल बिस्तारै हटेर जलले वर्षा गर्न लागेको थियो। यसकारण शेषजीले जल रोक्न निर्भिक आफ्ना हजारौ फणको छापा गरेर वासुदेवजीको पछि पछि हिड्न लाग्यो। तर वासुदेवजीलाई यो कुराको पत्तो भएन। निरन्तर जलको वर्षा भएकोले यमुना नदी बडो वेगसँग बग्न लागेकी थिईन। वासुदेवजीले श्री कृष्णलाई लिएर गएको हुँदा पारि जान बाटो दिइन। गोकुलमा पुग्दा त्यहाँको गोपहरुलाई निद्रामा अचेत भै सुतेको देखी कृष्णलाई यसोदाको पलंगमा सुताएर भर्खरै जन्मेकी छोरीलाई लिई वन्दीघरमा फर्केर आए। झ्यालखाना पुगेपछी वासुदेवले कन्यालाई देवकीको ओछ्यानमा सुताई दिएर आफ्नो खुट्टामा आफै नेल लगाए। त्यसपछी ढोकाहरु आफै बन्द भए।

उता नन्द पत्नी यसोदालाई कुनै सन्तान भएको छ भन्ने सम्म थाहा भयो तर छोरा हो या छोरी हो यस कुराको पत्तो भएन। ईनको परिश्रम औं निद्राले गर्दा उनी अचेत भै राखेकी थिईन।

वासुदेव फर्किएर आएपछि शहरका भित्री बाहिरी सबै ढोका पहिले झै बन्द भए र भर्खर जन्मेको बच्चा रोएको आवाज सुन्दा द...पाल निद्राबाट व्युझिहाले र कंसकाहा गएर खबर गरि हाले। कंस देवकीको छोरा कहिले जन्मने हो भनेर पर्खिरहेको थियो। खबर पाउनासाथ कंस सुतिका गृहमा पुगि हाल्यो। यस पछि त मेरै काल जन्मेको भन्ने विचारले व्याकुल भै रहेको थियो। कंसलाई देवकीले दुःखीत भएर माया लाग्दो तरिकाले भन्न लागिन, दाजी मेरो छोराहरुलाई त मारी हाल्नु भयो यि त छोरी हुन् आईमाईको हत्या गर्नु उचित हुदैन। यो अभागिनीलाई आखिरको छोरी दिनु तर तिम्रो कर्तव्य हो।

देवकीले भनेको कुरा वास्ता नगरी हप्काएर छोरीलाई खोसेर लिएपछी भान्जीको खुट्टा समातेर ढुङ्गामा जोडसँग पटकी दियो। यि साधारण कन्या नभै योगमाया (भगवती) थिइन। कंसको हातबाट उम्केर तुरुन्तै आकाशतिर लागिन् र उनले कंसलाई भनिन, ए मूर्ख ! मलाई मार्नाले तैले के पाँउदछस्, तलाई मार्नका लागि आएका वालक अर्कै ठाँउमा छन्। अब व्यर्थमा निर्दोश बालकहरुको हत्या नगर भनी योगमाया अन्तरध्यान भईन। यो कुरा सुनेर अचम्ममा परेको कंस पनि अलमलमा पऱ्यो। बैनीज्वाईका छोराहरु मारेकोमा आफुलाई अफशोष लाग्दछ भनी स्विकारयो र मेरो दुष्टतालाई क्षमा गर भन्यो र बैनीज्वाईलाई झ्यालखानाबाट मुक्त गरिदियो। प्राणीहरु देहाभिमानले गर्दा एउटाले अर्कोलाई नास गरी रहेको छु भन्ने पत्तो पाउदैन।

वासुदेव देवकी कंसको सहमतिमा आफ्नो घर गए। कंसले अघिल्लो दिनको घटना आफ्ना मन्त्रीहरुलाई बोलाएर सुनायो। उनिहरुले देबताहरुसँग वैरभाव राख्ने र दश दिन भन्दा कमका वालकहरुलाई मार्ने योजना बनाए।

पुतनाले वालक कृष्णलाई मार्ने नियतले नन्द यशोदाको घरमा गई पलङ्गमा सुतेका कृष्णलाई उठाई विष लगाएको आफ्नो स्तनपान गराँउदा पुतना आफैले मृत्युवरण गर्न पुगी। पुतनाको वध भए पछी श्री कृष्णले तृष्णा व्रत, यमलाजुङ्ग, संखचुड, यक्ष, केसी, धेनुका आदी दुष्ट दैत्यहरुको वध गर्नुभयो। कालिया नाग दमन गर्नुभयो। ईन्द्रको मानमर्दन गर्नुभयो भने सात दिन सम्म गोवर्धन पर्वत उचाली सबैको रक्षा गर्नु भयो।

कंसले अकुर मार्फत बोलाउन पठाइएका बलराम श्री कृष्ण रणभुमिमा प्रवेश गरेका बेला त्यहा उपस्थित भएकाहरुले आ आफ्नो दृष्टी अनुसार श्री कृष्णलाई भिन्न भिन्न रुपमा देख्न थाले। पहलमानहरुले रुद्ररुप, साधारण व्यक्तिले श्रेष्ठ मनुश्य, स्त्रीहरुले कामदेव ग्वालाहरुले कालरुप, योगीहरुले परमतव्य सम्झे। यादवहरुले ईष्टदेव सम्झेर भक्ति रसमा मग्न भए।

सर्वप्रथम खेल मैदानमा कुवलया पिङ नामक हस्तीको वध गर्नुभयो। पछी चाणुरको पनि वध गर्नुभयो। यसरी सबै दृश्य देखी राखेका कंस स्वयंम युद्ध गर्न भनी तरवार लिई तयार भएता पनि भगवान श्री कृष्ण उफ्रेर कंसको शरिरमा आई कंसको शिरको केश समाई मुक्का हानी वध गर्नुभयो। कुस्ती लड्नमा बडो सिपालु छौं भन्ने कंसले सुनेकाले तिमीहरुलाई अकुर मार्फत बोलाइएको थियो। हे नन्दन नन्दा श्री कृष्ण, बलराम तिमी दुवै परक्रमी रहेछौ। श्री कृष्णले कंसको वधपछि माता देवकी र पिता वासुदेवलाई कैद मुक्त गर्नुभयो। उग्रसेनलाई मथुराको राजा बनाउनु भयो। यसै गरि सबै यदुवासीहरुलाई एस आपसमा युद्ध गर्न लगाएर सबै दैत्यहरु समेतको वध संम्भार भएपछि श्री कृष्णलाई पनि जरानामको व्यादाले चलाएको वाण खुट्टामा लागि (१२५) एक सय पच्चिस वर्ष पृथ्वीमा रही स्वधाम फर्कनु भयो।

अन्तमा परम दयालु भक्तवत्सल श्री कृष्ण भगवानको जन्मदिनमा हामिले सभक्तिका साथ नाम स्मरण, भजन किर्तन गरी उहाँको पुजा गर्ने अवसर प्राप्त भै रहोस भन्ने मंगलमय कामना गर्दछु।

अस्तु !

**अध्यक्ष**

**राम मन्दिर सेवा समिति परिवार**

**पोखरा -९, रामघाट**

# वालिङमा ब्लड बैंक स्थापना

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १९ भदौ

स्याङ्जाको वालिङ स्थित् गहौं अस्पतालमा रक्त सञ्चार इकाई केन्द्र स्थापना गरिएको छ । ६२ औं नेपाल रेडक्रस स्थापना दिवसको अवसरमा वालिङमा रक्तसञ्चार केन्द्र स्थापना गरिएको हो ।

जिल्लाको मध्यभागमा रहेको उक्त अस्पतालमा बिरामीको चाप सगै रगत अभावका कारण पोखरा जानुपर्ने अवस्था सिर्जना भएपछि रक्त सञ्चार इकाई स्थापना गरिएको वालिङ नगर प्रमुख कृष्ण खाँणले जानकारी दिए । केन्द्रको उद्घाटन गर्दै नगर प्रमुख खाँणले केन्द्रको स्थापना गर्न भन्दापनि यसको निरन्तरता कठिन हुने बताए । यहाँका नागरिक रगतकै कारण थप उपचारका लागि पोखरा र पाल्पा जान बाध्यहुने अवस्थालाई मध्यनजर राखेर स्थापना गरिएको केन्द्रको निरन्तरताको लागि स्थानीय सरकारले आवश्यक सहयोग गरिरहने प्रतिवद्धता व्यक्त गरेका थिए । नागरिकको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य क्षेत्रलाई स्थानीय सरकारले सिमित साधनश्रोतको प्रयोग गरी उपचारमा कुनै कठिनाई हुन नदिने खाँणले जिकिर गरे । स्याङ्जा सहित पर्वत, गुल्मी, पाल्पा लगायतका जिल्लाका केही पालिकाका नागरिकले समेत उपचार सेवा लिदै आएको अवस्थामा रक्त संकलन केन्द्रको स्थापनाले ठुलो राहत मिल्ने बताइएको छ ।

स्वास्थ्य, शिक्षा सहित न्यायमा पनि नागरिकलाई सरकारले निशुल्क गर्नुपर्ने धारणा पुर्व नगर प्रमुख तथा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष दिलिपप्रताप खाँणले राखेका थिए । रक्त सञ्चारको संचालनका लागि अस्पतालले दुईजना कर्मचारी र नगरपालिकाले एक जना कर्मचारीको व्यवस्था गरिएको उनले जानकारी दिए । अस्पतालले शल्याक्रिया सेवा सुरु गरेका र वालिङमै डाइलाइसेस संचालन भइरहेकाले रगत आवश्यक पर्ने बिरामीका यो केन्द्रले महत्वपुर्ण भुमिका खेल्ने खाँणले बताए । ब्लड बैंक स्थापनकै दिन रक्तदान समेत गरिएको थियो । रेडक्रस सोसाईटी जिल्ला शाखाका उपमन्त्री खगेन्द्र अर्यालका अनुसार १६ जनाले रक्तदान गरेको बताए । उद्घाटन कार्यक्रममा रेडक्रसका जिल्ला सभापति दिनेश अर्याल, उपसभापति लक्ष्मी थापा र सदस्य बिष्णु गैह्रे लगायतले रेडक्रस सधै विपद्को सारथी रहेको बताएका थिए । जहाँ दुख, त्यहाँ रेडक्रस भन्ने नारा सहित स्याङ्जा शाखाले हरेक नागरिकको समस्यामा साथी बनेर काम गर्दै आएको बताए ।

# पर्वतारोही शेर्पालाई 'अचिभमेन्ट अवार्ड २०८०' प्रदान

**रासस**
काठमाडौं, १९ भदौ

राष्ट्रपति रामचन्द्र पौडेलले यस वर्षको पीपी प्रसाईं लाइफटाइम 'अचिभमेन्ट अवार्ड २०८०' पर्वतारोही आङ छिरिङ शेर्पालाई प्रदान गर्नुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा मंगलबार पीपी प्रसाईं फाउन्डेशनले आयोजना गरेको कार्यक्रममा राष्ट्रपति पौडेलले सो अवार्ड प्रदान गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । यसैगरी सोही अवसरमा राष्ट्रपति पौडेलले फाउन्डेशनले सामुदायिक विद्यालयतर्फ दिँदै आएको उत्कृष्ट शिक्षक पुरस्कार पनि प्रदान गर्नुभयो ।

जसअन्तर्गत कोशी प्रदेशबाट फिक्कलका सोमप्रसाद गौतम, बागमती प्रदेशबाट कमला राई काठमाडौं, गण्डकी प्रदेशबाट टुकादेवी आचार्य कास्की, लुम्बिनी प्रदेशबाट गोपालप्रसाद बस्याल पाल्पा, कर्णाली प्रदेशबाट जयबहादुर बस्नेत डोल्पा र सुदूरपश्चिम प्रदेशबाट जीतबहादुर चौधरी हुनुहुन्छ ।

उत्कृष्ट शिक्षक पुरस्कारको राशि रु ५० हजार र सम्मानपत्र रहेको छ भने विद्यालयलाई दश हजार बराबरको शैक्षिक सामग्री रहेको छ ।

कार्यक्रममा फाउन्डेशनका अध्यक्ष शिखर प्रसाईं, सचिव दिलभूषण पाठक, पुरस्कृत शिक्षक कमला राई र जयबहादुर बस्नेत सहभागी हुनुहुन्थ्यो ।



राधा-कृष्णको स्वरुपमा सजिएका बालबालिका : कृष्ण जन्माष्टमीको पूर्वसन्ध्यामा मंगलबार राधा-कृष्णको स्वरुपमा सजिएका पोखरा- १४ चाउथेमा रहेको ज्ञानगंगा स्कुलमा अध्ययनरत बालबालिका । तस्बिर : पोखरापत्र

# नेपाल रेडक्रस सोसाईटी पोखरा १९ उपशाखाद्धारा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौ

नेपाल रेडक्रस सोसाईटी पोखरा- १९, उपशाखाले लामाचौरमा रहेको भवन परिसरमा वृक्षरोपण गरेको छ ।

नेपाल रेडक्रस सोसाईटीको ६१ औं स्थापना दिवसको अवसरमा गरिएको कार्यक्रममा निम, वेल, कपुर, पारिजात, तेजपत्ता लगायतका विभिन्न वहुउपयोगी प्रजातिका विरुवा रोपिएको सभापति नवराज पौडेल जानकारी दिनुभयो । वृक्षरोपण कार्यक्रमको शुरुवात गर्दै पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्यले मानविय सेवाका क्षेत्रमा नेपाल रेडक्रस सोसाईटीले पुर्याएको योगदान अतुलनिय रहेको वताउनु भयो ।उहाँले समाज विकास र मानविय सहायतामा हरेक नागरिक जागरुप बन्न



सके सिंगो देश नै परिवर्तन हुने वताउनुभयो । प्रमुख आचार्यले उपशाखाले संचालन गरेको विपद व्यवस्थापन कोष तथा स्मारिका प्रकाशन कोषमा सहयोग गर्ने स्पष्ट पार्नुभयो । उपशाखाका सभापति नवराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, उपशाखाका पुर्व सभापति गोविन्द काफ्ले, लगायतले रेडक्रसको भुमिकाको विषयमा चर्चा गरेका थिए । सचिव होमनाथ आचार्यले संचालन गरेको कार्यक्रममा रेडक्रसका सात सिद्धान्तको वाचन उपसभापति पवित्रा पौडेलले गर्नुभएको थियो । उपशाखाले विपद व्यवस्थापन तथा स्मारिका प्रकाशन कोषका लागी हाल आर्थिक संकलन अभियान चलाएको छ । अभियानवाट करिव १५ लाख संकलन गर्ने लक्ष्य भएको सभापति पौडेलले वताउनुभयो । उपशाखाले सदस्यता वितरणलाई पनि अभियानका रुपमा संचालन गरेको वताईएको छ ।

# धर्म, कला, संस्कृति जोगाउन सबैको सत्सङ्कल्प आवश्यक : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौ

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले धर्म, कला, संस्कृति जोगाउन सबैको सत्सङ्कल्प आवश्यक रहेको बताउनुभएको छ ।

श्रीकृष्ण जन्माष्टमी पर्वको अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले मुलुकको सभ्यता र सम्पन्नताका सूचक भाषा, धर्म, कला, संस्कृति, परम्परा तथा रीतिरिवाजलाई जोगाउन सबैको सत्सङ्कल्प आवश्यक भएको बताउनुभयो । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता श्रीकृष्णको जन्मोत्सवको दिन मनाइने यो पर्वले सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगति ल्याओस भन्ने उहाँले कामना गर्नुभएको छ । "ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता र पूर्ण अवतार भगवान् श्रीकृष्णको जन्म द्वापर युगमा भाद्र कृष्ण अष्टमीको मध्यरात अर्थात आजकै दिन भएकाले यस दिनलाई श्रीकृष्ण जन्माष्टमी र रातलाई मोहरात्रीको रुपमा मनाईदै आएको छ", सन्देशमा भनिएको छ । बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त समाजलाई एकताको सूत्रमा आबद्ध गरी धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्न श्रीकृष्ण जन्माष्टमी पर्वले सहयोग पुऱ्याउने प्रदेश प्रमुख गुरुङले विश्वास व्यक्त गर्नुभएको छ ।

# अर्थदेखि कलाकार जोगाउने चुनौतीका बीच बालनलाई निरन्तरता

**पोखरापत्र संवाददाता**
पोखरा, १९ भदौ

आधुनिकताको नाममा प्राचीन मौलिक संस्कृतिहरू हराउँदै गएको अवस्थामा पोखरा महानगरपालिका-३२ स्थित राधाकृष्ण सांस्कृतिक समूहले भने पौराणिक संस्कृतिमा आधारित बालनलाई निरन्तरता दिँदै आएको छ ।

नयाँ वाद्यवादनका साथै डिस्को डान्समा नयाँ पुस्ता भ्रुम्मिन थालेको अवस्थामा हजुरबुवादेखि नाति पुस्तासम्मका सबै व्यक्तिहरूको सक्रियतामा बालनलाई निरन्तरता दिन खोजिएको हो । श्रीकृष्ण जन्माष्टमी र रामनवमीजस्ता विशेष धार्मिक पर्वमा कृष्ण चरित्र, श्रीराम चरित्र आदिमा आधारित कलाकारले देखाउने बालनहरू पछिल्ला पुस्तामा हराइसकेको राधाकृष्ण सांस्कृतिक समूहका अध्यक्ष सज्जय ढकालले बताउनुभयो । आधुनिकताका नाममा पछिल्लो समयमा प्राचीनकालदेखि सञ्चालन हुँदै आएका यस्ता मौलिक संस्कृति संरक्षणको अभावमा समाजबाटै हराउने हो कि भन्ने चिन्ता बढेको उहाँको भनाइ थियो । नयाँ पुस्तामा जाग्दै आएको आधुनिक संस्कृतिप्रतिको मोहका साथै प्राचीन संस्कृतिप्रतिको बेवास्ताले यी संस्कृतिहरू सङ्कटमा पर्दै गएको अवस्थामा यस समूहले बालनलाई निरन्तरता दिँदै आएको अध्यक्ष ढकालले उल्लेख गर्नुभयो।

समूहले पहिला कृष्णबालन देखाउन सुरु गरे पनि पछिल्ला समयमा भगवान् रामचन्द्रको लीलामा आधारित बालन देखाउँदै आएको छ । अर्थ व्यवस्थापनका साथै कलाकार जोगाउने विषयले बालनको निरन्तरताका लागि समस्या पर्ने गरेको बताउँदै उहाँले एउटा बालनको तयारीका लागि भण्डै रु १५ लाख आवश्यक पर्ने जानकारी गराउनुभयो । "श्रीराम चरित्रमा आधारित बालन सञ्चालन गर्न करिब ४०/५० कलाकार आवश्यक पर्छ", अध्यक्ष ढकालले भन्नुभयो, "एक पटकमा बालन देखाउन करिब रु चार लाखसम्मको शृङ्गारका समान आवश्यक पर्दछ भने त्यही रुपमा वाद्यवादनका सामान आवश्यक पर्दछन् ।"पछिल्लो पुस्ताका युवा प्राचीन संस्कृतिमा आधारित अभिनय गर्न नचाहने र आर्थिक स्रोतको दीर्घकालीन व्यवस्थापनको चुनौतीसँगै बालनलाई निरन्तरता दिन समस्या पर्ने गरेको समूहका सचिव पुष्पराज शर्मा पौडेलले जानकारी दिनुभयो । यस समूहले २०७२ सालमा कृष्णबालन सुरु गरेको बताउँदै उहाँले त्यसका लागि ७०/८० जनासम्म कलाकार लाग्ने भएकाले त्यसलाई निरन्तरता दिन नसकिएपछि श्रीराम चरित्रमा आधारित बालन सुरु गरिएको उहाँको भनाइ थियो ।

"कलाकारकै जोहो गर्न नसकेपछि हामीले ठूलो सङ्ख्यामा कलाकार चाहिने कृष्णबालन छोडेर त्यसभन्दा केही कम कलाकार लाग्ने श्रीराम चरित्रमा आधारित बालन देखाउन लागेका हौँ", सचिव पौडेलले भन्नुभयो, "बालन सञ्चालनका लागि दीर्घकालीन आर्थिक स्रोत नभएका कारण पनि मुस्किल पर्ने गरेको हो ।" कृष्णबालनमा कलाकार सङ्ख्याको एक तिहाइ महिला कलाकार आवश्यक पर्दछ । कृष्णबालनमा गोपिनीहरूको सङ्ख्या धेरै चाहिने हुन्छ भने श्रीराम चरित्रमा आधारित बालनमा बाँदरका सेना तयार गर्न धेरै कलाकार आवश्यक पर्दछ । पौराणिक समयमा भारद्धाज ऋषिले आफ्नो आश्रममा प्रवेश गर्दा कृष्णलीलामा आधारित बालन खेल्न बालनेलाई निमन्त्रणा गरेको स्मरण गर्दै यो नाच नाच्ने चलन सुरु भएको विश्वास छ । श्रीकृष्णका मातापिताको जन्मदेखि कृष्णजन्म हुँदै कंश बधसम्मका घटनाक्रमलाई बालने कलाकारले जीवन्त चित्रण गर्दछन् । कृष्णबालनका लागि लगभग चार घण्टा समयावधि लाग्ने कलाकारहरू बताउँछन् । देवीदेवताको गुणगानमा आधारित बालन पृथ्वीको सृष्टिकालदेखिका भगवान्‌का लीला र अवतारको वर्णनमा आधारित हुँदै आएको संस्कृतिका रुपमा लिइन्छ । गीता, महाभारत, रामचरित्र, कृष्णचरित्र र भगवान् का दस अवतारलाई लिएर बालन सञ्चालन गर्ने प्रचलन छ ।

समूहलाई दीर्घकालीन बालन सञ्चालनका लागि राज्यका तर्फबाट कुनै सहयोग प्राप्त नभएको अवस्थामा समाजसेवी फलकप्रसाद खनालले व्यक्तिगतरूपमा बालन सञ्चालनका लागि रु तीन लाखको अक्षयकोष स्थापना गरिदिएका कारण त्यसबाट केही राहत पुगेको उहाँले जानकारी दिनुभयो । खनालले समूहका लागि साउन्ड सिस्टमको पनि सहयोग गर्नुभएको छ । समूहको मागअनुसार समय समयमा भजनकीर्तन प्रस्तुत गरी केही आर्थिक स्रोत जुटाएर कार्यक्रमहरू सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो । एक पटक बालन देखाउनका लागि करिब एक महिनासम्मको अभ्यास गर्नुपर्दछ । त्यसैले समयको व्यवस्थापन पनि यसमा महत्वपूर्ण मानिएको छ। सुरुमा बालन सञ्चालन गर्न आवश्यक गरगहना, शृङ्गार सामग्री खरिदका साथै बालने कलाकार तयार गर्न तालिम अपरिहार्य हुने राधाकृष्ण सांस्कृतिक समूहका संस्थापक अध्यक्ष एवम् राष्ट्रिय लोक भजन चुड्का प्रतिष्ठान नेपालका केन्द्रीय उपाध्यक्ष भुलाप्रसाद भण्डारीले बताउनुभयो । आर्थिक अभावसँगै तालिमप्राप्त कलाकारमध्ये ज्येष्ठ नागरिक अशक्त हुनु, युवा वैदेशिक रोजगारीमा र महिला कलाकार विवाह भएर जानेलगायत कारण कलाकार जोगाउन चुनौतीपूर्ण बनेको उहाँको भनाइ थियो । पछिल्ला समयमा प्राचीन मौलिक संस्कृतियुक्त बालनहरू पाल्पा, गोरखा, बाग्लुङ, लम्जुङ, तनहुँ, स्याङ्जालागयतका जिल्लामा पनि देखाउन थालिएको बताउँदै भण्डारीले देशका अन्य भूभागमा पनि बालन जगेर्ना गर्न खोजिएको जानकारीमा आएको बताउनुभयो ।

**संस्कृतिको जगेर्नाका लागि प्रतियोगिता**

राधाकृष्ण सांस्कृतिक समूहले प्राचीन संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले प्रत्येक वर्षको श्रीकृष्ण जन्माष्टमीका अवसरमा श्रीकृष्ण जन्माष्टमी महोत्सव तथा खुल्ला भजन चुड्का प्रतियोगिता गर्दै आएको छ । संस्था स्थापनाको १२ वर्ष पुगेको जानकारी गराउँदै अध्यक्ष ढकालले यस वर्ष आठौँ संस्करणको महोत्सव, प्रतियोगितासँगै भाँकी प्रदर्शन गर्न लागिएको जानकारी दिनुभयो ।

प्रतियोगिताका लागि विभिन्न २४ वटा समूह सम्पर्कमा आइसकेको बताउँदै उहाँले कालीका गन्धर्व समाजको नचरी, नेपाल पुनमगर समाजको सोरठी, गगन नेवाः खलको लाखे नाचजस्ता विभिन्न भाँकी प्रदर्शन गर्न लागिएको जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमशः रु ४५, ३५, २५, र १५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने जनाइएको छ । बर्सेनि गर्दै आएको यस प्रतियोगिताले प्राचीन मौलिक संस्कृतिको जगेर्नामा टेवा पुगेको अध्यक्ष ढकालले बताउनुभयो ।

# अतिक्रमित संरचना हटाइयो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ भदौ

म्याग्दीको सदरमुकाम बेनीमा सडक अतिक्रमण गरेर सार्वजनिक जग्गामा बनाइएको अव्यवस्थित संरचना हटाइएको छ । सडकमा आवतजावत प्रभावित र दुर्घटनाको जोखिम बढेपछि बेनी नगरपालिकाले वडा नं ८ मा पर्ने अस्पताल चोकमा रहेका अतिक्रमित संरचना हटाएको हो । बेनी नगरप्रमुख सुरत केसीले अस्पतालचोकमा सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका दुई पसलको संरचना सोमबार भत्काइएको जानकारी दिनुभयो ।

"व्यवसायीले अटेर गरेपछि नगरपालिका आफैँले अस्पताल चोकको सार्वजनिक जग्गामा बनेका दुई पसलको संरचना हटाएको छ", उहाँले भन्नुभयो, "अतिक्रमण हटाएको ठाउँमा सवारीसाधन पार्किङस्थल बनाउँछौँ ।" सवारीसाधनको चाप बढेको र सार्वजनिक जग्गामा रहेका अव्यवस्थित संरचनाका कारण आवतजावतमा समस्या, दुर्घटनाको जोखिम र बजार व्यवस्थापनमा समस्या भएपछि अतिक्रमण हटाउने कामलाई तीव्रता दिएको नगरप्रमुख केसीले बताउनुभयो ।

यसअघि जिल्ला प्रशासन कार्यालय, नगरपालिकाको कार्यालय अगाडि र कालीपुल बसपार्कको सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका टहरा, सटर, ट्याङ्की र ठेला हटाइएको थियो । कालीपुलको अतिक्रमण हटाइएको ठाउँमा बसपार्क बनाइएको छ । जिल्ला प्रशासन र नगरपालिका कार्यालय अगाडिको सार्वजनिक जग्गामा सघन सहरी तथा भवन डिभिजन कार्यालयमार्फत सडक ढलान र नाली निर्माण गरिएको छ । सो ठाउँबाट १५ वटा सटर र ट्याङ्की हटाइएको थियो । ठेलामा फलफूल व्यवसाय गर्नेलाई अन्यत्र स्थानान्तरण गरिएको थियो ।

नाली र ढलान भएपछि सो क्षेत्रमा धुलो र हिलोको समस्या हटेको वीरेन्द्रचोक टोल सुधार समितिका पूर्वअध्यक्ष दलप्रसाद श्रेष्ठले बताउनुभयो ।

# दरवाङमा आधारभूत अस्पताल सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ भदौ

म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरवाङमा आधारभूत अस्पताल सञ्चालन भएको छ ।

मालिका गाउँपालिकाले दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई पाँच शय्या क्षमताको आधारभूत अस्पतालमा स्तरोन्नति गरेको हो । गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले गत असारको गाउँसभा र साउन १० गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार आधारभूत अस्पतालको सेवा सञ्चालन गरिएको जानकारी दिनुभयो । "प्राथमिक स्वास्थ्य केन्द्रमा पूर्वाधार, जनशक्ति र उपकरण व्यवस्थापन गरेर पाँच शय्याको अस्पताल सञ्चालन गरेका छौँ", उहाँले भन्नुभयो, "अस्पतालबाट मालिका, धवलागिरि र मङ्गला गाउँपालिकाका बासिन्दा लाभान्वित हुनेछन् ।" अस्पतालको सोमबार गण्डकी प्रदेशका पूर्व सामाजिक विकासमन्त्री नरदेवी पुनले उद्घाटन गर्नुभयो । आधारभूत अस्पताल सञ्चालन गर्न निक साइमन इन्स्टिच्युटले एक चिकित्सक, एक रेडियोग्राफर र एक जना स्टाफ नर्सको जनशक्ति सहयोग गरेको छ। एक चिकित्सकको दरबन्दी रहेको अस्पतालमा छात्रवृत्तिमा अध्ययन गरेका थप एक चिकित्सक आउनुभएको छ । यसअघि एक जना चिकित्सकसहित १६ स्वास्थ्यकर्मी र कर्मचारीको दरबन्दी थियो । आधारभूत अस्पतालका लागि गाउँपालिकाले थप रु ३२ लाख अनुदान दिएको अध्यक्ष गर्बुजाले बताउनुभयो । निक साइमन इन्स्टिच्युटले रु १० लाख मूल्य बराबरको उपकरण र स्वास्थ्य सामग्री उपलब्ध गराएको छ । गाउँपालिकाले रु पाँच लाख मूल्य बराबरको औषधि व्यवस्थापन गरेको छ ।

दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रको गुणस्तर सुधार गरी अस्पताल बनाउन विसं २०७८ देखि नै प्रक्रिया सुरु भएको थियो । सुरुमा कोरोना अस्पताल र त्यसैलाई विस्तार गरी आधारभूत अस्पताल बनाइएको हो । प्राथमिक स्वास्थ्य केन्द्रबाट यसअघि आकस्मिक र कार्यालय समयमा स्वास्थ्य परीक्षण सेवा दिँदै आएको थियो । अस्पतालमा रुपान्तरण भएपछि चौबीसै घण्टा बिरामीलाई भर्ना गरेर सेवा दिन थालिएको छ । अस्पताल सञ्चालनपछि उपचार गर्न बेनी, बागलुङ, पोखरा, काठमाडौँलगायत सहरमा पुगुपर्ने बाध्यता हट्ने मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले बताउनुभयो ।

सदरमुकाम बेनीबाट २४ किलोमिटर पश्चिममा रहेको सो केन्द्र २०७३ सम्म हेल्थ असिस्टेन्ट, अहेब, अनमी र नर्सको भरमा सञ्चालन हुँदै आएको थियो । हाल प्रयोगशाला, एक्सरे, अल्ट्रासाउन्ड, मुटुको इसिजी, पाठेघरको मुखको क्यान्सर पत्ता लगाउने स्क्रिनिङ, हातखुट्टा भाँचिएको प्लास्टर सेवा दिइरहेको केन्द्रले आफ्नै औषधि पसल सञ्चालन गरेको छ ।